# लोमन्थाङ राजपत्र

## लोमन्थाङ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : (९) लोमन्थाङ, मुस्ताङ, फाल्गुन २५ गते, २०८२ साल (संख्या :११)


# भाग-२

## सार्वजनिक जग्गा संरक्षण तथा उपयोग सम्बन्धी कार्यविधि २०८२

**गाउँकार्यपालिकाबाट मिति २०८२।११।२५ मा स्वीकृत**

**प्रस्तावनाः**

लोमन्थाङ गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक, ऐलानी तथा पर्ति तथा सडक किनाराका जग्गाहरको उचित संरक्षण गरि सोको प्रभावकारी र वैज्ञानिक उपयोगबाट गाउँपालिकाको आय समेत वृद्धि गर्ने अभिप्रायले गाउँपालिकाको महत्वपूर्ण स्रोतको रुपमा रहेको सार्वजनिक जग्गाको उपयोग, संरक्षण र व्यवस्थापन गर्ने विषयलाई समेत यो कार्यविधीलाई मार्गदर्शक तुल्याउँदै यस्तो कानूनको अभावमा सार्वजनिक जमिनको अनियन्त्रित र अव्यवस्थित प्रयोग, सडक लगायतका सार्वजनिक जग्गा अतिक्रमण जस्ता कार्यहरुमा नियन्त्रण तथा नियम विपरित कार्य गर्ने जो सुकैलाई आवश्यक कानूनी कार्वाहीको दायरामा ल्याउन, सहरी सौन्दर्यता प्रवर्द्धनलाई व्यवस्थित तुल्याउँदै सार्वजनिक, ऐलानी तथा पर्ति तथा सडक किनाराका जग्गाहरको उचित संरक्षण गर्न बान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम यो कार्यविधि तर्जुमा गरी गाउँकार्यपालिकाको मिति २०७५/०३/१० को बैठकबाट स्वीकृत गरी लागू गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "सार्वजनिक जग्गा संरक्षण तथा उपयोग सम्बन्धी कार्यविधि, २०८२." रहेको छ।

(ख) यो कार्यविधि गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भई लोमन्थाङ गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :

(क) "सार्वजनिक जग्गा" भन्नाले नेपाल सरकारको स्वामित्वमा भई हाल स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गाउँपालिकाको रेखदेख र संरक्षण रहेका जग्गाहर सम्भनु पर्दछ र सो शब्दले सडक क्षेत्राधिकार भिन्न प्ने सडक किनाराका जग्गा समेतलाई जनाउनेछ।

(ख) "संरक्षण" भन्नाले गाउँपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण सार्वजनिक जगगाहरको अभिलेख, त्यसमा गाउँपालिकाको नियन्त्रण एवं त्यस्ता जग्गाको उचित संरक्षण तथा उपयोग र सडक लगायत सार्वजनिक सम्पत्तीको संरक्षण समेतलाई जनाउदछ।

(ग) "अध्यक्ष भन्नाले" लोमन्थाङ गाउँपालिकाका अध्यक्षलाई सम्फनु पर्दछ।

(घ) "उपाध्यक्ष भन्नाले" लोमन्थाङ गाउँपालिकाका उपाध्यक्षलाई सम्भनु पर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लोमन्थाङ गाउँपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्फनु पर्द।

(च) "वडा" भन्नाले गाउँपालिकाको वडालाई सम्भनुपर्दछ।

लोमन्थाङ गाउँपालिका

(छ) "कार्यालय" भन्नाले लोमन्थाङ गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यालय सम्फनुपर्छ सो शब्दले वडा कार्यालय समेतलाई बुझाउँदछ।

(ज) "शाखा" भन्नाले लोमन्थाङ गाउँपालिकाको राजश्व शाखा सम्भनुपर्छ।

(झ) "नीजिक्षेत्र भन्नाले" सार्वजनिक जग्गामा पर्यटकिय संरचना तयार वार्षिक रुपमा दर्ता गरेको व्यक्ति/फर्म/संघ संस्थालाई सम्भनु पर्दछ।

(ञ)"स्थानीय तह" भन्नाले लोमन्थाङ गाउँपालिकालाई सम्फनु पर्नेछ।

(ट) "उपभोक्ता समिति" भन्नाले लोमन्थाङ गाउँपालिका क्षेत्रभित्र सार्वजनिक निर्माणका लागि नियमानुसार गठन भएका उपभोक्ता समितिलाई सम्भनु पर्नेछ।

(ठ) "टोल विकास संस्था" भन्नाले स्थानीय कानून बमोजिम गठन भएका टोल विकास संस्थालाई सम्भनु पर्नेछ।

(ड) "सेवा सुविधा" भन्नाले लोमन्थाङ गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा सुविधालाई सम्भनु पर्नेछ।

(ढ) "सार्वजनिक निर्माण" भन्नाले लोमन्थाङ गाउँपालिका क्षेत्रभित्र निर्माण गरिएका सडक, पुल पुलेसा, कल्भर्ट, ह्यूमपाईप, सार्वजनिक उद्यान, पार्क, पोखरी, भ्यूटावर, मठ, मन्दिर, चर्च, गुम्बा, मस्जिद लगायतका सार्वजनिक हित र सरोकारका निर्माणलाई सम्भनु पर्नेछ।

(ण) "पहिलो पक्ष" भन्नाले लोमन्थाङ गाउँपालिकालाई सम्भनु पर्नेछ।

(त) "दोसो पक्ष" सार्वजनिक जग्गा उपयोगका लागि गाउँपालिकासँग सम्फौता गर्ने पक्षलाई सम्झनु पर्नेछ।

**३. सार्वजनिक ऐलानी/पर्ति जग्गाको विवरण संकलन गर्ने**

३.१. लोमन्थाङ गाउँपालिका क्षेत्रमा रहेका सार्वजनिक जगगाहरुको लगत तयार गरी अभिलेख राखिनेछ। उक्त कार्यमा वडा समिति समेत सार्वजनिक जगगाको संरक्षण र अभिलेख राख्ने कार्यमा जिम्मेवार हुनु पर्नेछ।

३.२. सार्वजनिक जग्गा/संरचनाको लगत तयार गर्न तथा संरक्षण गर्न देहाय बमोजिमको गाउँपालिका स्तरीय समिति रहनेछः

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | - संयोजक |
| ख) गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| ग) सम्बन्धित वडाको वडाध्यक्ष | - सदस्य |
| घ) गाउँपालिकामा क्रियाशिल राजनैतिक दलका प्रमुख/प्रतिनिधी | - सदस्य |
| ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत | - सदस्य सचिव |

(समितिको बैठकमा आवस्यकता अनुसार सम्बन्धित बजार व्यवस्थापन समितिका पदाधिकारी तथा टोल विकास संस्थाका पदाधिकारी वा अन्य व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ।)

३.३. माधि उल्लेखित समितिलाई आवस्यक सहयोग पुर्‍याउन सबै वडामा देहाय बमोजिमको १/१ वटा वडास्तरिय कार्य समिति रहनेछ :

| | |
|---|---|
| क) सम्बन्धित वडाका वडाध्यक्ष | - संयोजक |
| ख) सम्बन्धित वडाका वडा सदस्यहरु | - सदस्य |
| ग) सम्बन्धित वडाका बजार व्यवस्थापन समितिका अध्यक्षाहर | - सदस्य |
| घ) वडामा क्रियाशिल राजनैतिक दलका प्रमुख/प्रतिनिधी | - सदस्य |
| ङ) सम्बन्धित वडाका वडा सचिव | - सदस्य सचिव |

लोमन्थाङ गाउँपालिका

(समितिको बैठकमा आवस्यकता अनुसार सम्बन्धित बजार व्यवस्थापन समितिका पदाधिकारी तथा टोल विकास संस्थाका पदाधिकारी वा अन्य व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।)

**४. सार्वजनिक जग्गा उपयोग गर्न सकिने क्षेत्रहरु**

४.१. यस गाउँपालिका क्षेत्रमा रहेका सार्वजनिक जगगाहरुको अवस्था विश्लेषणका साथै कुनै पनि हानी नोक्सानी नहुने र जगगाको स्वरुपमा खासै परिवर्तन नहुने गरी उक्त जग्गालाई गाउँपालिकाको आय वृद्धि हुने गरी देहाय बमोजिम संरक्षण र उपयोग गरिनेछ।

क. राजमार्गको निश्चित सीमानाभित्र रहेका सार्वजनिक जग्गाहरलाई कुनै पनि व्यवसायिक प्रयोजनका उपयोगको योजना नबनाउने।

ख. हरियाली वन क्षेत्रमा रहेको सार्वजनिक जग्गामा अनुमति बिना कुनै संरचना वनाउने उद्देश्यले उपयोग नगर्ने।

ग. कुनै पनि सार्वजनिक संरचना तथा प्राकृतिक स्रोत र साधनको सम्भावना नभएका र हाल कुनै पनि हिसावले प्रयोगमा नआएका सार्वजनिक जग्गाहरलाई गाउँपालिकाको हितमा प्रयोग गर्ने।

घ. सार्वजनिक जग्गासँग सीमाना जोडिएको नीजि क्षेत्रको कुनै उद्योग व्यवसायले उक्त सार्वजनिक जग्गाको उचित संरक्षण, रेखदेख, सहरी सौन्दर्यता बुद्धि र उक्त जग्गाको सुधार गरी गाउँपालिकाको आयमा अभिबृद्धि हुनेगरी निश्चित रकम उपलब्ध गराउने शर्तमा प्रयोग गर्न दिन सकिने।

ङ. नीजि क्षेत्रका तर्फबाट पूर्ण रुपले सोही क्षेत्रको लगानीमा सार्वजनिक जग्गाको स्वरुपमा कुनै परिवर्तन नहुने गरी पार्क, उद्यान वा पर्यटकिय क्षेत्रका रुपमा विकास गरी गाउँपालिकाको आयमा अभिबृद्धि गर्नका लागि दिन सकिने।

च. यसरी नीजि क्षेत्रलाई उक्त सार्वजनिक जगगा प्रयोग गर्न दिदां स्वामित्व हस्तान्तरण नहुने।

छ. गाउँपालिकाको समग्र हित हुने खालका अन्य कार्यहरुमा यस क्षेत्रका सार्वजनिक जग्गाहरको प्रयोग गर्न सकिने।

**५. सार्वजनिक जग्गा उपयोग गर्ने प्रकृया**

(क) कार्यविधिको बुदां नं ३ बमोजिम पहिचान भएका सार्वजनिक जग्गाहरलाई देहाय बमोजिम प्रयोगमा ल्याईनेछः

१. गाउँपालिकाले आफनो लगानीमा उक्त जग्गामा संरचना निर्माण एवं सुधार गर्न सकने।

२. नीजि क्षेत्रलाई अन्य व्यापारिक प्रयोजन नभई पर्यटकिय संरचना निर्माण जस्तै पार्क,उद्यान निर्माण गरी पर्यटकहरलाई आकषित गर्ने उद्देश्यका साथै नीजि क्षेत्रबाट प्रस्ताव माग गर्न सकिने।

(ख) नीजि क्षेत्रलाई उक्त जग्गा प्रदान गरी सो जग्गा उपयोग गर्ने कार्यमा सहजीकरण र सिफारिस गर्न देहाय अनुसारको सिफारिस समिति रहनेछ :-

| | |
|---|---|
| (१) सार्वजनिक जग्गा रहेको बडाको वडाध्यक्ष | - संयोजक |
| (२) कार्यपालिका सदस्य मध्येबाट अध्यक्षले तोकेको एक जना | -सदस्य |
| (३) गाउँपालिकाको अमिन | -सदस्य |
| (४) गाउँकार्यपालिकाको कार्यालयको लेखा अधिकृत/लेखापाल | -सदस्य |
| (५.) गाउँकार्यपालिका कार्यालयको राजस्व शाखा प्रमुख | -सदस्य |
| (६) सम्बन्धित वडाको वडा सचिव | -सदस्य सचिव |

कुनै सार्वजनिक जग्गा १ देखी वढी वडा सम्म फैलिएर रहेको अवस्थामा सबै भन्दा वढी क्षेत्रफल ओगट्ने वडा अध्यक्ष उपरोक्त समितिको संयोजक हुनेछ।

(ग) यस समितिको सिफारिशको आधारमा बुंदा नं.३.२ बमोजिम गठित समितिको निर्णयबमोजिम गाउँकार्यपालिकाको बैठकले अनुमोदन गरी सार्वजनिक जग्गा उपयोग गरिनेछ।

**६. सार्वजनिक जग्गा उपयोगमा ल्याउनका लागि आवश्यक प्रकृया :**

सार्वजनिक जगगाको उपयोगका नीजी क्षेत्रलाई संलग्न गराउनका लागि देहायका प्रकृया पुरा गर्नुपर्नेछ।

क. राजस्व परामर्श समिति तथा कार्यपालिका वैठकबाट सार्वजनिक जग्गा उपयोगमा लगाउन उपयुक्त भएको ठहर।

ख. सार्वजनिक जग्गाको प्रयोग निश्चित संरचना निर्माण सहित गाउँपालिकाको तर्फबाट प्रयोग गरिने हो वा जग्गाको स्वरुप परिवर्तन नहुने गरी नीजि क्षेत्रलाई प्रदान गरिने हो सो बारे यकिन।

ग. सार्वजनिक जग्गाको उपयोगबाट गाउँपालिकालाई हुनसकने लाभको विश्लेषण सहित सहजीकरण समिति तथा गाउँपालिका स्तरीय समितिको सिफारिस।

घ. राजस्व परामर्श समितिमा आवश्यक छलफल गरी गाउँकार्यपालिकामा सिफारिस।

ङ. गाउँकार्यपालिकाबाट प्रस्तावको उपयुक्त भएको ठहर सहित निर्णय।

च. गाउँपालिका स्वयंले कार्य गर्ने हो भने तोकिएको कार्य प्रकृया अगाडी बढाउने, यदि अन्य नीजी क्षेत्रका तर्फबाट पेश भएको प्रस्ताव स्वीकृत गरिएको हो भने नीजि क्षेत्रसँग सम्फौता सहित कार्य प्रारम्भ ।

छ. नीजि क्षेत्रको प्रस्ताव स्वीकृत गरिएको हो भने सो क्षेत्रका तर्फबाट गाउँपालिकालाई वार्षिक रुपमा प्राप्त हुने रकम बारे स्पष्ट हुनुपर्नें।

ज. सार्वजनिक जग्गाको संरक्षण र सुधार सहित सामान्य संरचना निर्माणगरी गाउँपालिकाले तोकि दिएको शुल्क लगानीकर्ता नीजि क्षेत्रले संकलन गर्न सक्नेछ।

झ. यसरी संकलन गरिने रकम मध्ये निश्चित रकम वार्षिक रुपमानपालाई बुझाउनु पर्नेछ।

ञ. गाउँपालिकालाई वार्षिक रुपमा बुझाउनु पर्ने रकम एकमुष्ट बुझाएमा कुल बुझाउनु पर्ने रकमको ५ प्रतिशत सम्म छुट दिन सकिनेछ भने एकमुष्ट रकम नबुझराई किस्ता बन्दीमा रकम बुझकाउने हो भने १ वर्ष म्याद भएको बाणिज्य बैकको कार्य सम्पादन जमानत पेश गर्नुपर्नेछ।

ट. अन्य आवश्यक शर्तहरु राखी सम्बन्धित पक्षसंग सम्फौता गरी कार्य प्रकृया अगाडी बढाउन सकिने छ।

**७. कुनै विवाद भएमा गाउँपालिकाको निर्णय अन्तिम हुने :**

(१) सार्वजनिक जग्गा संरक्षण र उपयोगका सम्बन्धमा कुनै विवाद भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।

**८. सम्भौता पुनरावलोकन गरिने**

(१) यस कार्यविधि बमोजिम गरिएको सम्फौता प्रत्येक ५. वर्षमा पुनरावलोकन गरिनेछ। पुनरावलोकनका क्रममा लाभ लागत विश्लेषण गरी सम्फौतामा दुबै पक्षको सहमतीमा आवश्यक बुँदाहर धप घट गर्न सकिने छ।

(२) उपदफा (१) बमोजिम पुनरावलोकनका लागि सहजीकरण समितिले अध्ययन गरी समसामयिक रुपमा सम्फौतामा गर्नुपर्ने हेरफेरका सम्बन्धमा गाउँकार्यपालिका समक्ष सिफारिस गर्ने।

(३) उपदफा (१) बमोजिम बजारको अवस्था विश्लेषण गरि वार्षिक रुपमा बुझाउन सहमति भएको रकमका सन्दर्भमा दुवै पक्ष सहमत भई १० प्रतिशत रकम थप गर्न गाउँकार्यपालिकामा सिफारिस गर्न सक्ने।

**९. सम्कौताका शर्तहरु उल्लंघन भएमा सम्कौता तोड्न सकिने :**

(१) सार्वजनिक जग्गा उपयोगका लागि भएको सम्फौताका शर्तहरुको पूर्ण पालना गर्नुपर्नेछ। शर्तहरुको पालना नगरिएको खण्डमा तत्काल सम्कौता रद्द गरि यसबाट भएको हानी नोक्सानी समेत दोसो पक्षसँग असुल उपर गरिनेछ।

**१०. नियमित अनुगमन र प्रतिवेदन हुने**

(१) सम्भौता बमोजिम दोसरो पक्षबाट हुने काम कारवाहीका सम्बन्धमा गाउँपालिकाका तर्फबाट नियमित अनुगमन गरिनेछ।

(२) दोस्रो पक्षले प्रत्येक वर्ष भए गरेका कामहरु, प्राप्त उपलब्धी एवं आई परेका समस्या र समाधानको उपाय सहितको प्रतिवेदन शाखाबाट गाउँपालिकामा पेश गर्नुपर्नेछव।

**११. दण्ड सजाय र जरिवाना :**

(१) सार्वजनिक निर्माणमा अवरोध पुर्‍याउने वा हानी नोक्सानी पुर्‍याउने व्यक्ति वा संस्था जो सुकैलाई अवरोध गरेको पाईए अवरोध हटाउन प्रहरी प्रशासन संगको सहयोगमा अवरोध हटाई कार्य सूचार गरिने हानी नोक्सानी पुर्‍याएको भए सरकारी बाँकी सरह असुल उपर गरिनेछ भने सार्वजनिक निर्माण बिगारी क्षती पुर्याएकोमा उक्त बिगारेको संरचना पहिलेकै अवस्थामा पुनःनिर्माण गर्ने दायित्व सम्बन्धित पक्षको हुनेछ।

लोमन्थाङ गाउँपालिका

(२) बुंदा नं. १०(१) लाई अटेर गरेमा सम्बन्धित उपभोक्ता समिति र टोल विकास संस्थाको सिफारीसमा गाउँपालिका वा अन्तर्गबाट प्रवाह हुने सम्पूण सेवा सुविधामा रोक लगाईनेछ।

(३) २ नं. बमोजिम रोक लगाईएको सेवा सुविधा सम्बन्धित उपभोक्ता समिति र टोल विकास संस्थाको सिफारीसमा गाउँपालिका वा अन्तर्गबाट रोक लगाईएका सम्पूण वा आंशिक सेवा सुविधा गाउँकार्यपालिकाको निर्णयबाट फुकुवा गरिनेछ।

लोमन्थाङ गाउँपालिका

आज्ञाले,

विकाश के.सी.

प्रमुख प्रशासकीय अधिकृत